| | |
|---|---|
| बैठक संख्या | : ४२औं (८औं आ.व. ०७४/७५) |
| बैठक मिति | : २०७४ साल कार्तिक २१ गते |
| बैठकको अध्यक्षता | : श्री मन्जु कुमारी खड्का |
| समिति | : सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख |
| बैठक स्थल | : संस्थाको केन्द्रीय कार्यालय |
| बैठक | : केन्द्रीय कार्य समितिको बैठक (अघिल्लो बैठक नियमित) |

**उपस्थिति,**

| | |
|---|---|
| श्री मन्जु कुमारी खड्का | अध्यक्ष |
| श्री हीरासिंह थापा | निवर्तमान अध्यक्ष (संस्थापक अध्यक्ष) |
| श्री विरबहादुर नेपाली | उपाध्यक्ष |
| श्री नैनबहादुर शाही | महासचिव |
| श्री दुर्गा श्रेष्ठ | कोषाध्यक्ष |
| श्री झलकबहादुर भण्डारी | सदस्य |
| श्री सूर्यबहादुर शाही | सदस्य |
| श्री सुमिक्षा चन्द | सदस्य |
| श्री कल्पना थापा | सदस्य |
| श्री धनलक्ष्मी वादी | सदस्य |
| श्री बसन्त श्रेष्ठ | निर्देशक |

**निर्णय नं. १,**

यस संस्थाको केन्द्रीय कार्य समितिको आ.व. ०७४/७५ को ४१औं बैठक अवधि देखि यस बैठक अवधि विच संस्था, संस्था पदाधिकारी र सदस्यहरु लगायत कर्मचारीहरु र संस्था समेतका विषयमा सुनेका र मनमा लागेका कुराहरु आदान प्रदान गर्ने क्रममा आफ्ना मनमा लागेका तथा थाहा पाएका विषयहरुको बारेमा सहभागितात्मक रुपमा छलफले गरियो ।

**निर्णय नं. २,**

यस संस्थामा ८ अक्टुबर, २०१५ देखि हालसम्म कार्यरत वरिष्ठ मिल अधिकृत रमेश थापा जाइगो नेपालमा जिल्ला संयोजक पदमा छनौट हुनु भएकोमा बधाई दिँदै निजले आफ्नो पदबाट दिनु भएको राजिनामा र यस संस्थामा

लेखा तथा प्रशासन सहायक पदमा कार्यरत रही काम गर्दै आउनु भएका नितन थापाले दिनु भएको राजिनामाको हकमा बरिष्ठ मिल अधिकृत रमेश थापाको राजिनामा १६ नोभेम्बर, २०१७ र नितन थापाको राजिनामा १ नोभेम्बर, २०१७ देखि लागु हुनेगरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३,**

यस संस्थामा WARM-P कार्यक्रममा प्राविधिक सहजकर्ता पदमा कार्यरत पदमबहादुर शाहीले मिति २०७४ साल कार्तिक ८ गते नागरिक लगानी कोषमा निजको नाममा जम्मा भएको रकम निकाल्नका लागि सिफारिसका लागि निवेदन दिनुभएकोमा संस्थाको नियम तथा नागरिक लगानी कोषको नियम अनुसार नियमित कर्मचारीको हकमा शत प्रतिशत रकम निकाल्न नपाउने भएकोले नागरिक लगानी कोषमा कूल संचित रकमको ८० प्रतिशत रकम ऋण स्वरुप निकाल्नको लागि आवश्यक सिफारिस गरी पठाउने साथै संस्थाको अन्य नियमित कर्मचारीहरुको अवकाश विना नागरिक लगानी कोषमा जम्मा भएको रकम निकाल्नको लागि सिफारिस भै निकालिएको पाएमा संलग्न कर्मचारीहरुलाई संस्थाको नियमानुसार कारवाही गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४,**

यस संस्थामा रिक्त रहेको बरिष्ठ मिल अधिकृत तथा लेखा तथा प्रशासन सहायक पद पूर्ति गर्नका लागि दक्ष व्यक्तिहरुको बायोडाटा संकलन गरी दक्ष कर्मचारी छनौटका लागि यस संस्थाको पदपूर्ति समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५,**

संस्थाले भ्रष्टाचार विरुद्धको नीतिमा शुन्य सहनशिलता अवलम्बन गरेको सन्दर्भमा संस्थाद्धारा संचालित परियोजना तथा कार्यक्रमहरुको क्रियाकलापहरु सञ्चालनका क्रममा तथा संस्थासंग सम्बन्धित गतिविधिहरुमा संस्थाका कार्यसमिति सदस्य तथा कार्यरत कर्मचारीहरुबाट कहिं कतै भ्रष्टाचार गरेको प्रमाण संस्थामा रहेको गनुासो सुनुवाई समितिबाट प्रमाणित भएमा सो कार्य तथा गतिविधिमा संलग्न पदाधिकारी तथा कर्मचारी स्वत पदबाट मुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६,**

यस संस्थामा कार्य संचालन र व्यवस्थापनका लागि गठन गरिएको सचिवालय समितिको कामकाजलाई चुस्त दुरुस्त राख्नको लागि उक्त समितिको संयोजक केन्द्रीय कार्यसमितिको महासचिव रहने निर्णय गरियो । तर महासचिव सचिवालय समितिको बैठकमा उपस्थित हुन नसक्ने अवस्था भएमा सोको जिम्मेवारी स्वत कोषाध्यक्षले वहन गरी निजको संयोजकमा तपसिलबमोजिमको सदस्य रहने निर्णय गरियो ।

**तपसिल,**

| | |
|---|---|
| नैनबहादुर शाही | संयोजक |
| झलक भण्डारी | सदस्य |
| सुमिक्षा चन्द | सदस्य |
| धनलक्ष्मी बादी | सदस्य |
| निर्देशक | सदस्य सचिव |

**निर्णय नं. ७,**

यस संस्थाद्धारा संचालित परियोजना तथा कार्यक्रमहरुको गतिविधिहरुलाई प्रभावकारी रुपमा कार्यान्वन तथा लक्ष्य उद्देश्यहरु परिपूर्ति गर्नमा कार्यक्रम अनुगमन तथा पृष्ठपोषणका लागि संस्थाको कार्य समितिको उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल,

| | | |
|---|---|---|
| उपाध्यक्ष | बिरबहादुर नेपाली | संयोजक |
| सदस्य | सूर्यबहादुर शाही | सदस्य |
| सदस्य | धनलक्ष्मी वादी | सदस्य |
| निर्देशक | वसन्त श्रेष्ठ | सदस्य |
| जि.का.सं. | मानबहादुर थापा | सदस्य |
| का.सं. | दुर्गा गिरी | सदस्य |
| मिल शाखा | | सदस्य सचिव |

**निर्णय नं. ८,**

यस संस्थामा कार्य संचालन र व्यवस्थापनका लागि गठन गरिएको सचिवालय समितिको यस संस्थाको केन्द्रीय कार्य समितिको ३९औं वैठक देखि यस अवधिसम्म भए गरेको निर्णयहरु यस बैठकमा समिक्षा गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९,**

सेभ द चिल्ड्रेनको साझेदारीमा संचालित सहयात्रा परियोजना र डिसिएको साझेदारीमा संचालित साकार परियोजनामा रिक्त रहेको क्रमशः सामाजिक परिचालक र कृषि प्राविधिक पद पूर्ति गरी परिचालनका लागि संस्थाको अध्यक्षबाट भएको आदेशलाई अनुमोदन गर्ने र नियुक्त गरिएको कर्मचारीहरुलाई तपसिल बमोजिमको सेवा सुविधा दिने गरी परिचालन गर्ने निर्णय गरियो ।

तपसिल,

| सि.नं. | नाम थर | पद | मासिक तलब | सञ्चय कोष | सञ्चार | हार्डसीप | जम्मा | नियुक्ती लागुहुने मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमित्रा सारु | सामाजिक परिचालक (सहयात्रा परियोजना) | २००००।- | २०००।- | २००।- | ३०००।- | २५२००।- | १३ अक्टुबर, २०१७ देखि ३१ डिसेम्बर, २०१७ | |
| २ | प्रमोद पुलामी | कृषि प्राविधिक (साकार परियोजना) | २३८००।- | | | | | १३ अक्टुबर, २०१७ देखि ३१ डिसेम्बर, २०१७ | |

**निर्णय नं. १०,**

यस संस्थामा बाल संरक्षण अनुगमन अधिकृत पदमा कार्यरत प्रभाकुमार बि.क.ले संस्थाद्धारा सञ्चालित एकीकृत सामुदायिक विकास कार्यक्रममा सुपरभाइजर पदमा कार्यरत रहंदाका बखत एकीकृत सामुदायिक विकास कार्यक्रम सञ्चालित कार्य क्षेत्रमा अनुगमनका क्रममा जांदा सहभागिहरुले पाउनु पर्ने भ्रमण भत्ता संस्थाबाट भुक्तान भएको र सहभागिहरुलाई भुक्तानीका क्रममा सरोकारवाला सहभागिहरुकै सहमतिमा पछि दिने भनि भरपाईमा सहभागि स्वयले नै हस्ताक्षर गरिएको बुझिएको र उक्त पाउनुपर्ने रकम सम्बन्धित व्यक्तिहरुलाई बुझाउन ढिलो गरेको बुझिन आएको सन्दर्भमा आईन्दा संस्थाद्धारा सञ्चालित गतिविधिहरुमा यस्ता किसिमका गतिविधिहरु गरेको पाईएमा स्वत पदबाट बर्खास्त गरिने चेतावनी पत्र संस्थाको निर्देशक मार्फत जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ११,**

यस संस्थाको केन्द्रीय कार्य समितिको मिति २०७४ साल असोज २० गते बसेको बैठकको निर्णय नं. १ (क) अन्तर्गत दशैंको अवधिमा महिला तथा बालबालिका केन्द्र र बाल हेल्पलाईन संचालन गर्ने सम्बन्धमा गरिएको निर्णय अनुसार सो अवधिमा सेवा केन्द्र र बाल हेल्पलाईन १०९८ बन्द रहेकोले सो सम्बन्धमा सेल्टर संयोजक रमा श्रेष्ठलाई

निर्देशक मार्फत स्पष्टिकरण सोधिएकोमा आगामी दिनमा समितिको निर्णय अनुसार लिखित रुपमा भएको निर्णय र आदेश अनुसार कार्यान्वयन गर्दै लैजानको लागि जानकारी पत्र निर्देशक मार्फत पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२,**

संस्थाको कार्य समिति र सिनियर कर्मचारीहरुको संयुक्त अनुगमन तथा घुम्ती बैठक सञ्चालन गर्दा संस्थाका कार्यसमिति पदाधिकारी तथा कर्मचारीहरुलाई भत्ताको अलावा खाना र बास खर्च अतिरिक्त दिने निर्णय गरियो ।

**निर्णय नं. १३,**

संस्थाद्धारा सञ्चालित महिला युवा तथा बाल अधिकार प्रवर्द्धन कार्यक्रममा कार्यक्रम संयोजक पदमा कार्यरत दुर्गा गिरीलाई साविककै सेवा सुविधा रहने गरी सहायक निर्देशक पदमा बढुवा गर्ने र GESI बाल संरक्षण नीति फोकल पर्सनको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

संस्थाको लेखा तथा प्रशासन शाखामा काम गर्न एक जना लेखा तथा प्रशासन सहायक आवश्यक भएको महशुस भएकोले सो पद श्रृजना गर्ने र सो पद पूर्ति गर्नका लागि पदपूर्ति समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५,**

मिति २०७४ साल कार्तिक १८ गते देखि २० गते सम्म दैलेख जिल्ला आठबिस नगरपालिका अन्तर्गत वडा नं. २, ३, ४ र ५ मा सञ्चालित एकिकृत सामुदायिक विकास परियोजना, उत्थानशिल जिविकोपार्जन सवलिकरणका लागि सामुदायिक अनुकुलन क्षमता अभिवृद्धि (साकार) परियोजना र सहयात्रा परियोजनाको कार्य समिति सदस्य तथा सिनियर कर्मचारीहरुको संयुक्त अनुगमन तथा घुम्ती बैठक गरेको सन्दर्भमा प्रतिवेदनमा देखिएका सवल पक्षलाई अनुसरण गर्दै सुधार गर्ने पक्षलाई आगामी दिनमा सुधार गर्न कार्यकारी निर्देशक मार्फत सम्वन्धित परियोजना प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।